दर्ता नं. १३१४/२०६३

"विश्वबन्धुत्वका लागि भ्रातृबन्धुत्व"

# दाहाल प्रतिष्ठान

जिल्ला शाखा समिति घोराही-१२, हापुर, दाङ

स्था: २०७६



# वत्स गोत्रीय दाहाल बन्धुहरुको वंश परिचय

# दाहाल प्रतिष्ठान

जिल्ला शाखा समिति घोराही-१२, हापुर, दाङ

प्रकाशकः दाहाल प्रतिष्ठान, जिल्ला शाखा समिति

सर्वाधिकारः प्रकाशकमा

संस्करणः प्रथम

प्रकाशन वर्षः २०८२

प्रकाशन प्रतिः ५०१

कम्प्युटर पेज सेटिङ्गः विवेक वली

मुद्रणः पशुपति छापाखाना

घोराही-१५, दाङ

सम्पर्क नं.: ९८५७८३०१८५, ०८२-५६०८८२



आदिपुरुष दासु भट्ट

## संक्षेपमा दाहाल वंशावली

दाहालथरको गोत्रः वत्स

सगोत्रीहरुः बुढादाहाल, रुपाखेति दाहाल, राणा, लम्साल, कुँवर

प्रवर (पञ्च प्रवर): भृगु, च्यवन, आप्नुवान, और्व, जमदग्नी

दाहालथरको उत्पतिः दासु भट्ट देखि दाहाल थर हालसम्म भेटिएका प्रमाण

मुख्य देवताः शिवजी

कुलदेवताः अग्निवेताल, विन्धवासनी, बालमष्ठ, वसन्तमाला, महन्तमाला



भगवान शिव



महाकाली



महर्षि भृगु



च्यवन



आप्नुवान



और्व



जमदग्नी

द.नं.१३१४/२०६३

"विश्वबन्धुत्वका लागि भ्रातृबन्धुत्व"

# दाहाल प्रतिष्ठान

## केन्द्रीय कार्यसमिति

# शुभ-कामना

नेपालमा गौरवशाली इतिहास रचना गर्ने वत्स गोत्रीय दाहालवन्धुहरू दैलेखको दहगाउँबाट विस्तारित हुँदै देशमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म सबै भूगोलमा छरिएर रहेको कुरा सर्बविदितै छ । देश बाहिरको कुरा गर्दा कुमाउ गडवालदेखि आसाम, चुनपुरा, सिक्किम र बर्माको विशाल क्षेत्र र तेस्रो मुलुकहरूमा समेत छरिएर रहेकावन्धुहरू आज पनि "दाहाल कूलमा जन्मन पाएकोमा गर्व गरौं" भन्ने महशुस गरिरहनु भएको पाइन्छ ।

गुजरातँको बडविहार राज्यका सत्यभट्टका छोरा तत्कालिन दैलेख जिल्लाको दहगाउँमा बसोवास गर्दै आउनु भएका आदिपुरूष दासु भट्ट दाहालका चार जना छोराहरूमध्ये कान्छा छोरा शिबराम दाहालका सन्ततिहरू लोकनाथ उपाध्याय दाहाल (घुरू) का सन्ततिले मादी लगायत विभिन्न ठाउँमा विर्ता पाएको कुरा जनजिब्रोमा छ ।

प्रारम्भिक जानकारी भएसम्म २०११ सालमा संखुवासभाको पाङ्ठाबाट वंशावली संकलन र प्रकाशन कार्य आरम्भ भएको हो । यसपछि दाहाल वंशावली (२०२४) मादी र आसपासका दाहालहरूको वंशावली प्रकाशन गरेको पाइन्छ । झापाको दमक, ओखलढुंगा, खोटाङ, लिकुवाली (२०७०), तेह्रथुम, काभ्रेको नाला (२०७५) पाइन्छ । देश र विदेशमा रहनु भएका समस्त दाहालवन्धुहरूको बृहत दाहाल वंशावली (२०६५) तत्कालिन दाहाल सेवा प्रतिष्ठान, केन्द्रीय कार्यालय, विराटनगरले प्रकाशन गरेको थियो । यसैगरी राप्ती अञ्चलमा बस्नु भएका वन्धुहरूको वंशावली पनि प्रकाशन भएको छ । २०७६ मा मादीका दाहालहरूको बंशावली र २०७९ मा कास्कीका दाहालहरूको बंशावली, पाँचखपन स्यावुन, संखुवासभाका दाहालहरूको बंशावली (२०८०), ब्रम्हापाध्या वंशावली, मातिमका दाहालहरूको वंशावली लगायतका सयौंको संख्यामा बंशावलीहरू पनि प्रकाशन भैसकेको छन् । यद्यपि आज पनि सबै वन्धुहरूको नामावली समावेश हुन सकिरहेको छैन। यो निरन्तर खोज, अध्ययन तथा अद्यावधिक गर्दै जाने विषय पनि हो ।

'विश्वबन्धुत्वका लागि भ्रातृबन्धुत्व' को महानवाणीसँगै पूर्वी नेपालमा रहेका दाहालवन्धुहरूको प्रयासमा विश्वभरीका वन्धुहरूको साझा संस्थाको रूपमा दाहाल प्रतिष्ठानको स्थापना भई अन्य विभिन्न ठाउँमा रहेका संस्थाहरू एकीकृत भइरहेका छन् । प्रतिष्ठानलाई भ्रातृप्रेम, वन्धुत्व एकता र सम्पूर्ण दाहालहरूलाई भावनात्मक रूपमा जोड्ने एकताको प्रतीकको रूपमा विकास गर्ने प्रयास भइरहेको छ । देश र प्रवासमा हरेक दिन, हरेक घण्टा हजारौं बालबच्चाहरू जन्मन्छन् र हरेकवर्ष हजारौं अन्य कुलका छोरीहरू कुलबधुको रूपमा भित्रिन्छन् । उनीहरूको नाम बंशावलीमा समावेश गर्न १०औं वर्ष लाग्न सक्छ तथा बंशावली हजारौं पानाको ठूलो साइजमा हुने भएकोले अहिलेका पुस्ताले ठूलो किताव

पल्टाएर आफ्नो बंशचित्र हेर्न पनि झन्झटिलो हुने भएको महशुस गरिएको छ । आमाहरू, छोरीहरू त्था कुलबधुहरू बंशावलीमा नसमेटिएको एवं नाम विहिन भएर रहेको इतिहास ताजैछ । दशौं वर्षमा प्रकाशनहुने बंशावली पुस्तकमा नत आमाहरू, नत कुलवधुरू, नत बालवालिकाहरूको नाम तत्काल राख्न नै सकिन्छ । यिनै विविध कुरालाई मध्यनजर गर्दै दाहाल प्रतिष्ठानले बंशावली लगायत प्रतिष्ठानसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरूलाई सुरक्षित गर्न वेबसाइड (dahalpratisthan.org.np) निर्माण गरी विगत तीन वर्षदेखि संचालनमा ल्याइएको छ । दाहाल प्रतिष्ठानले Dahal Pratisthan नामक मोवाइल एप्स पनि तयार गरी संचालनमा ल्याइ सकेको छ । दाहाल प्रतिष्ठानका गतिविधीहरू यसै मार्फत हेर्न सकिन्छ ।

आज जिल्ला दाङको घोराहीमा बसोवास गर्ने दाशुभट्टबाट नवौं पुस्ताका सदुराम दाहाल (रतन) छोराहरू १०औं पुस्ताका आसुराम दाहाल, चतुर्भूज दाहाल र रहमान दाहालमध्ये माइला भाइ चतुर्भूज दाहालका सन्ततिहरू दाङ बस्दै आएको इतिहास छ । उनै १०औं पुस्ताका चतुर्भूज दाहालका समस्त सन्ततिहरू समेटेर वंशावली प्रकाशन गर्न लागेकोमा दाहाल प्रतिष्ठान परिवार अत्यन्तै प्रसन्न छौं । यस वंशावलीले सबै वन्धुहरूलाई समेटी, अपनत्वका साथ परिचित गराई ओजपूर्ण, भ्रातृत्वपूर्ण एकताको सुत्रमा बाँध्न सक्नेछ भन्ने विश्वास लिएका छौं । यस महानकार्यमा ठूलो मेहनत, त्याग र समर्पणका साथ जिम्मेवारी वहन गर्नुहुने समस्त वन्धुहरूप्रति हार्दिक आभार, सम्मान, धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछौं । यो वंशावली बन्धुत्व एकता, भाइचारा र भ्रातृत्व विकास गर्ने आधारशिला बन्न सकोस्, यसले समस्त बन्धुहरूको मन जोड्न सकोस् एवं भावना साट्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दै अबको दिनमा प्रविधियुक्त डिजिटल बंशावली प्रकाशन गर्दै लैजाने प्रतिवद्धताका साथ यस महानकार्यमा विज्ञ वन्धुहरूको सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएका छौं ।

अन्त्यमा, समस्त वन्धुहरूको समुन्नतिको लागि दाहाल प्रतिष्ठानको तर्फबाट हार्दिक कृतज्ञताका साथ शुभकामना व्यक्त गर्दछौं ।

धन्यवाद ।जयवत्स, जय वन्धु, जय वन्धुत्व । मितिः२०८/०७/२२



सूर्यकुमार दाहाल
(महासचिव)



पुण्यप्रसाद दाहाल
(संगठन विभाग प्रमुख)



दुर्गाप्रसाददाहाल
(अध्यक्ष)

एवं दाहाल प्रतिष्ठान परिवार

# नेपाल संस्कृत विश्वविद्यालय
# Nepal Sanskrit University
बेलझुण्डी, दाङ
Beljhundi, Dang

उपकुलपतिको कार्यालय — Office of the Vice-Chancellor


Reference No.
पत्रसङ्ख्या : (फा.नं. )
चलानी नम्बर :

मिति/Date : २०८२।१।२५

**विषय : शुभकामना ।**

दाहाल प्रतिष्ठान दाङ शाखाद्वारा 'वत्स गोत्रीय' **दाहाल वंशावली प्रकाशन** गर्ने अत्यन्तै महत्वपूर्ण कार्यले हर्षित भएको छु । देश विदेशमा बसोबास गर्नुहुने दाहाल बन्धुहरूको आफ्नो कुल-परम्परा तथा आफ्ना पूर्खाहरूको ऐतिहासिक दस्तावेज तयार गर्न र धर्म संस्कृतिको रक्षाका लागि एशिया महादेशकै सबैभन्दा ठूलो उपत्यका दाङ उपत्यकामा बसोबास गर्ने दाहाल बन्धुहरूको यथार्थ चित्रण गरी प्रकाशनका लागि अगाडि बढाएकोमा जीवनको एउटा महत्वपूर्ण कार्य ठानेको छु ।

**दाहाल वंशावली** प्रकाशनबाट संस्कृत एवम् संस्कृतिको जर्गेना र आफ्ना पुर्खाहरूको इतिहास सन्ततिहरूमा पुस्तान्तरण हुन सक्ने र यो वंशावली प्रकाशनबाट अनुसन्धान कर्ताहरूका लागि उपजीव्य ग्रन्थको रूपमा रहन सक्ने समेत देखिन्छ । यसका माध्यमबाट विश्वबन्धुत्व र भाइचाराको सुमधुर सम्बन्ध कायम हुँदै जान सकोस् । प्रतिष्ठानले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य प्राप्तिका लागि सफलता मिल्दै जाओस् भन्ने कामनाका साथ सनातन धर्मको रक्षा र सामाजिक सद्भाव कायम गर्दै सामाजिक क्षेत्रमा स्थापित हुने प्रेरणा मिलोस् भन्ने शुभेच्छाका साथ **दाहाल वंशावली** प्रकाशनको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२५।१।८२

प्रा.डा. धनेश्वर नेपाल
उपकुलपति
नेपाल संस्कृत विश्वविद्यालय

उपकुलपति
नेपाल संस्कृत विश्वविद्यालय


फोन: ०८२-४०००३५, ०८२-४०००३३, ०८२-४०००३४, फ्याक्स: ०८२-४००००४, पोस्ट बक्स नं.: ५००३
Tel. No.: 082-400033, 082-400034, 400035, Fax 082-400004, P.O. Box.No.: 5003, Website: www.nsu.edu.np

# शुभकामना



वंशपरम्परा सम्बन्धी गोत्र शब्द ऋषिपरम्पराबाट प्राप्त भएको हो । जुन पम्परा पुर्खा हुँदै बाबु, छोरा, नाति, पनाति सम्म निरन्तर माथिबाट तलतिर प्रवाहित अविछिन्न रूपमा चल्ने सन्ततिहरूको परिचय झल्काउने परम्परालाई बुझाउँछ ।

वत्सऋषिका सन्तानका रूपमा रहेका दाहाल बन्धुहरू वत्सगोत्रीय नै हुन्, यसमा कुनै सन्देह नै रहेन । अहिलेसम्म प्राप्त ऐतिहासिक दस्तावेज, पुराण, धर्मसिन्धु, निर्णय सिन्धु, शिलापत्र, ताम्रपत्र जस्ता ऐतिहासिक महत्वका प्रमाणहरूलाई केलाएर हेर्दा दाहाल वंशका पुर्खा आदिपुरुष दासु भट्ट (ई.सं. १५५३) को ऐतिहासिक दस्तावेज नै मूल प्रमाणको रूपमा देखिन आउँछ । ऐतिहासिक दस्तावेज अनुसार भारतका मुगल सम्राटद्वारा ई.सं. १९५३ मा राज्यच्युत भई नेपालको दैलेख जिल्लाको दुल्लु गाउँलाई आफ्नो कर्मथलो बनाई बसोबास गरेका दासु भट्ट अहिले हाम्रा पुर्खाको रूपमा स्थापित हुनुहुन्छ । हाम्रा पुर्खा आदिपुरुष दासु भट्ट वैदिक, आध्यात्मिक, बौद्धिक एवं धार्मिक प्रकृतिका अद्वितीय व्यक्ति हुनुहुन्थ्यो भन्ने कुरो उहाँले आफूभित्रको अन्तर्निहित वैदिक शक्ति प्रयोग गरी आफ्नो अद्वितीय उदाहरण प्रस्तुत गर्न सफल हुनुभएको केही दृष्टान्त "दासु भट्ट दैलेखको दुल्लुमा बसोबास गरिरहेकै समयमा बिलासपुर का राजाको छोराको व्रतबन्धको निम्तो मान्न गएका दासु भट्ट वेदिमा होम गर्न वैदिक मन्त्रको शक्तिले अग्नि प्रकट गरी यज्ञ सम्पन्न गरेको र खुसियालीमा विलासपुरका राजाबाट पुरोहितको पदवीसँगै वुढागाउँ र दाहा गाँउ समेत विर्ताविकस पाउनुले हाम्रा पुर्खा दासु भट्ट आध्यात्मिक, धार्मिक, वैदिक एवं विद्धान व्राह्मण रहेको प्रमाणित हुन आँउछ ।

दाहालवंशका आदिपुरुष पुर्खा दासु भट्ट नै भएको र उनी वत्सऋर्षिका सन्तान भएको हुनाले वत्सगोत्रीय बन्न पुगेको कसैले नकार्न मिल्छ जस्तो मलाई लाग्दैन । विभिन्न विद्वान्हरूको अभिमत, प्रमाणित इतिहास, पुराण, धर्मसिन्धु, शिलापत्र, ताम्रपत्र एवं पौराणिक अभिलेख आदिलाई आधार मानेर निर्णयमा पुग्नुपर्दा दाहालका पुर्खाहरूको उद्गमस्थल दैलेखको दुल्लु गाउँ नै रहेको र त्यहाँबाट आज देश विदेशका विभिन्न ठाउँमा बसोबास गर्ने हामी सम्पूर्ण दाहालहरूको गोत्र वत्स रहन गएको विषय निर्विवाद रहेकाले यसमा सन्देह गरिरहनुपर्ने कुनै ठाउँनै नरहेकाले सम्पूर्ण दाहाल बन्धुहरू एकआपसमा गोलबन्द हुँदै दाहाल वंशको ऐतिहासिक दस्तावेज वंशावलीमा आबद्ध भई आफ्नो गोत्र संरक्षण, सम्बर्द्धनमा एकजुट हुन अनुरोध गर्दै भावि पुस्तालाई आफ्नो वंश, धर्म, संस्कृति, परम्परा एवं कुलको संरक्षण,संर्वधन गर्ने कार्यमा आपसी मनमुटाव त्याग्दै गर्व गर्ने गरी अगाडि बढ्न हामी सबैलाई सफलता मिल्दै जावस भन्ने सदिक्षाका साथ शुभकामना व्यक्त गर्दछु ।

**मित्रलाल दाहाल**
अध्यक्ष
दाहाल प्रतिष्ठान, लुम्बिनी प्रदेश

# संयोजकको कलमबाट



मानव सभ्याताको विकास संगै चेतनानको अभिवृद्धि हुदैं जादाँ मानिस सामाजिक प्राणि बन्न पुगि समाजप्रतिको उत्तरदायित्व वहन गर्न पुग्छ । जसबाट ऊ आफ्नो समाजको इतिसास, वंश, परम्परा, धर्म, संस्कृति, कुल, रितिरिवाज, संस्कार, जन्मस्थल, बसोबास आदिका बारेमा जान्न बुझ्न लालाहित हुन पुग्छ । जस्का कारण ऊ निरन्तर रुपमा सोध, खोज, अनुसन्धान कार्यमा लागिरहन्छ । प्राप्त ऐतिहासिक दस्ताबेज र प्रमाणका आधारमा निष्कर्षमा पुग्दै आफ्नो कुल वंशको उत्पति स्थान, थर, गोत्र, जस्ता विषयमा अभिलेखिकरण गर्न निरन्तर लागिरहन्छ ।

गोत्र शब्द ऋषि परम्पराबाट प्राप्त वंशको बोधक हो । यसले हामी कसका सन्ततिहौं भन्ने कुरा स्पष्ट पार्दछ । वत्स ऋषिका सन्तति हामी दाहालहरू वत्सगोत्रीय हौं । अहिलेसम्म उपलब्ध ऐतिहासिक प्रमाणहरूका आधार मा दाहालहरूका पुर्खा आदिपुरुष दासु भट्ट (ई.सं. १५५३) हुनुहुन्छ भन्न सकिन्छ । इतिहासअनुसार भारतवर्षमा यवनहरूको आक्रमणबाट त्रस्त भएपछि स्वधर्मको रक्षाका लागि सनातन धर्मावलम्बीहरू सुरक्षित स्थानमा बसाइ सर्नुपर्ने अवस्था आएको हो । यसै क्रममा हाम्रा पुर्वज पनि नेपालको दैलेख जिल्लाको दुल्लुको दह गाउँमा आई आफ्नो धर्म-कर्मलाई यथावत् राख्न सफल हुनुभयो । दुल्लुको दहगाउँमा बस्ने भएकाले दाहाल थर हुन गयो ।

हाम्रा पुर्खा दासु भट्ट स्वधर्म पालनामा कर्मठ एवं दिव्यशक्ति सम्पन्न हुनुहुन्थ्यो । उहाँलाई विलासपुरका राजाले छोराको व्रतबन्धमा निम्तो गर्दा त्यहाँ यज्ञीय वेदीमा दिव्य हवन गर्न शुद्ध अग्नि प्रज्वलन गर्नुपर्ने थियो । सो कार्य दाशु भट्टले आफ्नो दिव्यशक्तिद्वारा गरेकाले उहाँलाई पुरोहित पदवीसँगै बुढागाउँ र दाहालगाउँ विर्ताबकस प्राप्त भएको थियो । यस्ता महान् व्यक्तिका सन्तति हामी वत्सगोत्रीय दाहालबन्धुहरू अहिले नेपालमा मात्र नभई भारत, भूटान, वर्मा लगायत युरोप-अमेरिका आीद देशहरूमा समेत पुगेर ऐतिहासिक लोककल्याणकारी कार्यहरू गर्दै आइरहे का छौं । हामी दाहालबन्धुहरू जहाँ-जहाँ पुगेर जेजति उन्नति-प्रगति गरे पनि हाम्रो मूल थलो दैलेखको दहगाउँनै रहेको र त्यहाँबाट सबैतिर फैलिएकाले हामी सबै एकै परिवार हौं भन्ने बुझी दाहाल प्रतिष्ठानको विधानमा लक्षित यी उद्देश्य पुर्तिका लागि निरन्तर लागिरहनु हाम्रो कर्तव्य र दायित्व हुन आउँछ ।

१. यो संस्था मुनाफारहित जनहितकारी, सामाजिक संस्था हो ।

२. वत्स गोत्रीय दासु भट्ट दाहाल सन्तति वंशका वंशजहरूमा पारस्परिक सहयोग सामाजिक सद्भाव एवं भ्रातृत्वको विकास गराउने ।

३. आफ्नो कुल वंशमा चलिआएको संस्कार, संस्कृति, परम्परा, रीतिरिवाज आदिको संरक्षण र सम्बर्द्धन गर्ने ।

४. कुलवंशको धार्मिक परम्पराप्रति आस्था जगाउने, कुलदेवताको स्थापना गरी कुलदेवताको पूजा गर्ने व्यवस्था गर्ने ।

५. वंशावली सङ्कलन गरी आमा, छोरी, बुहारीसमेतको नाम सङ्कन गरी प्रकाशन गर्ने ।

६. स्वदेश तथा विदेशमा रहेका 'वत्सगोत्रीय' बन्धुहरूलाई यस प्रतिष्ठानमार्फत् एकीकरण गर्दै लैजाने दाहाल वन्धु लगायत सम्पूर्ण बृद्धबृद्धा, असहायहरूका लागि बृद्धाश्रमको व्यवस्था गर्ने ।

७. 'दासु भट्ट दाहाल सन्तति' सबै बन्धुहरुलाई सुदृढ बनाई अन्य थर विभिन्न संघ संस्था, गैरसरकारी, सरकारी र स्थानीय निकायहरुमा मौत्रि एवं सहयोग आदान प्रदान गर्ने ।

८. कुलवंशका प्रतिभाहरूको बृद्धि विकास कोष, अक्षयकोष, प्रतिभा प्रस्फुटन कोष, पुरस्कार कोष, मुष्ठिदान कोष, असहाय कोष र गुठी कोष, मठमन्दिर अक्षयकोष समेत स्थापना गरी प्रतिभा एवं व्यक्तित्वको विकास गर्नेगराउने र पुरस्कृत गर्ने ।

९. आफ्नो वंशको इतिहासको कला, साहित्य, संस्कृति, ताम्रपत्र आदिको खोज तथा अनुसन्धान गर्ने ।

१०. वंशभित्र र बाहिर समेत विभिन्न धार्मिक संस्कृतिक ताम्रपत्र आदिको खोज एवं अनुसन्धान गर्ने ।

११. "दासु भट्ट दाहाल सन्तती" बन्धु वृद्धवृद्धालाई र संस्थालाई विशेष योगदान पुऱ्याउने व्यक्तिलाई सम्मान गर्ने ।

१२. जीवित रहेका कुल वंशका वरिष्ठ मन्जरी, कुलमणि, कुलदीप, वंशतारा, कुलरत्न, वंशप्रतिभा उपाधिको निर्धारण गरि विभुषित गर्ने । स्वर्गवासीहरुको नाममा उद्यान वा स्मारक वा शालिक निर्माण गर्ने तथा त्यसको संरक्षण वा विकास गर्ने ।

१३. मानविय सेवाका लागि एम्बुलेन्स सेवा खरिद गरी संचालन गर्ने तथा शिक्षालय, गुरुकुल तथा प्राविधिक शिक्षालयको स्थापना गरि सेवा मुलक ढंगले संचालन गर्ने । मानविय पक्षका अन्य सेवाहरु संचालन गरी वंशको महत्व र अस्तित्वको विकास एवं सम्दृन गर्दै जाने ।

१४. भविष्यमा वत्स गोत्रिय कुलवंशको वत्स वृद्धाआश्रम बनाउने ।

१५. वत्स गोत्रिय बन्धुहरुभित्र सहकारी प्रबर्द्धन गर्न एक वत्स गोत्रिय सहकारी संस्था स्थापना गरी संस्था संचालन गर्ने ।

१६. वशांवली व्यवस्थीत गर्न तथा सुचना प्रवाह गर्नका लागि विद्युतिय सफ्टवयेर वेभवसाईटको निर्माण गर्ने ।

अन्तमा गोत्र परिवर्तनको शिलशिलामा ऐतिहासिक स्थलको अवलोकन विभिन्न खोज एवं अनुसन्धाको क्रममा गहिरिएर लाग्नुहुने जागेश्वर दाहाल, मित्रलाल दाहाल, नुमाकान्त दाहाल, युधिष्ठिर दाहाल, गणेशप्रसाद दाहाल, विनायक दाहाल, विष्णुप्रसाद दाहाल, गोविन्द दाहाल, माधव दाहाल, विष्णुप्रभात दाहाल, टंकेश्वर दाहाल, गंगा दाहाल, महेन्द्र दाहाल, ठाकुर प्रसाद दाहाल, सुरेश दाहाल एवं वंशावली प्रकाशनमा सहयोग पुऱ्याउनुहुने सम्पुर्ण वत्स गोत्रिय दाहाल वन्धु अग्रज मातापिता, दाजुभाई, दिदिबहिनिप्रति हार्दिक आभार प्रकट गर्दै वंशावली प्रकाशन समितिका सम्पुर्ण सदस्यज्यूहरु प्रकाशनका लागि सहयोग पुऱ्याउनुहुने पशुपति छापाखाना लगाएत प्रकाशन कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनुहुने सम्पुर्णमा हृदयत आभार सहित हार्दिक धन्यवाद व्यक्त गर्दै सपुर्ण दाहाल वंशका बन्धुवान्धवा एक सुत्रमा बाधिएर गोत्र संरक्षण सर्वद्धन, धर्म, संस्कृति, रितिरिवाज एवं परम्पराको संरक्षण गर्दौ कुल वंशलाई गैरवशाली बनाउन हातेमालो गरी भावि पुस्तालाई पनि यसको बोध गराउनुपर्छ भन्ने सदिक्षाका साथ हार्दिक अपिल गर्दछु ।

अन्तमा वंशावलीमा आबद्ध भई गोत्र संरक्षण गर्दै भावी पुस्तालाई पनि यसको बोध गराउनुपर्दछ भन्ने सदिच्छा व्यक्त गर्दछु । अन्त्यमा, हामी वत्सगोत्रीय दाहाल वंशीय बन्धुहरू एकसूत्रमा बाँधिएर आफ्नो धर्म, संस्कृति एवं परम्पराको संरक्षण गर्दै कुल वंशलाई अक्षुण एवं गौरवशाली बनाउन हातेमालो गर्दै अगाडि बढौं भनी हार्दिक अपिल समेत गर्दछु ।

Bpndahal.

**विष्णुप्रसाद दाहाल**
संयोजक
वंशावली सम्पादन समिति एवं
सहलेखा नियन्त्रक, नेपाल संस्कृत विश्वविद्यालय

मितिः २०८२/१०/०८

# विषयसुचि


| क्र.स. | लेख | लेखक | पेज नं. |
| --- | --- | --- | --- |
| १. | दाहालबन्धुहरुको वंश परिचय | जागेश्वर दाहाल | १ |
| २. | वत्स गोत्रीय दाहाल एक परिचय | गणेशप्रसाद दाहाल | ३ |
| ३. | दाङमा बसोबास गर्ने वत्स गोत्रीय दाहालहरूको वंश परिचयचय | नुमाकान्त दाहाल | ५ |
| ४. | वंश, विकास र सभ्यता | गोबिन्दप्रसाद दाहाल | ७ |
| ५. | गोत्र संशोधनबारे | डा. माधवप्रसाद दाहाल | १० |
| ६. | हाम्रो कुल, हाम्रो पहिचान | विष्णु प्रभात दाहाल | १४ |
| ७. | कुलपूजा विधि र पुजास्थल | ठाकुरप्रसाद दाहाल | १३ |
| ८. | वंशावलीको रुप रेखा | | १६-२३ |
| ९. | ऐतिहासिक दस्ताबेजहरु | | २४-३४ |
| ११. | केही पूर्ववजहरुको जीवनचर्या | | ३५-३९ |
| १२. | दाङ जिल्लामा बसोबास गर्ने वत्स गोत्रीय दाहाल वंशमा उच्चशिक्षा हासिल गरेका वन्धुको विवरण | | ४०-४१ |
| १३. | वत्स गोत्रीय दाहाल कुलमन्दिर निर्माणर्थ अर्थ प्रदान गर्नुहुने दाहाल बन्धुहरुको नामावलि | | ४२-४३ |
| १४. | दाहाल प्रतिष्ठान दाङको संस्थापक कार्य समिति | | ४५ |

# दाहालबन्धुहरूको वंश परिचय



**जागेश्वर दाहाल**
संस्थापक अध्यक्ष, दाहाल प्रतिष्ठान, दाङ

परापूर्व कालदेखि नै वंश परिचय लेख्ने गिरिएको इतिहासमा पाइन्छ । जस्तै सेन वंश, गोपाल वंश, सूर्य वंशी, चन्द्र वंशी आदि । वंशबाट नै पुर्खाहरूको पहिचान हुन्छ । कुनै निश्चित गोत्र पहिचान गर्नु र त्यसलाई लिपिबद्ध गर्नु नै वंशको पहिचान गर्नु हो । यस कुरालाई उजागर गर्ने उद्देश्यका साथ दाहाल बन्धुहरूको वंश परिचय लेख्ने जमर्को गरिएको छ । स्थलगत अध्ययन, अनुसन्धानको माध्यमबाट आफ्नो रीतिथितिसँग मेलखाने वंश परिचय तयार पार्नु पनि वंश पहिचान गर्नु हो ।

स्थलगत अध्ययन र अनुसन्धानले करिव १५ औं शताब्दीतिर भारतको गुजरात बडबिहारबाट मुसलमानको आक्रमणले गर्दा आफ्नो प्राण र हिन्दु धर्म, संस्कृति जोगाउने उद्देश्यले दासु भट्ट भारतको उत्तराखण्ड हुँदै जुम्ला राज्यमा प्रवेश गरी जुम्ला जिल्लाको तिला नदीको माथिल्लो (डुंगेश्वर) को किनारमा रहेको दाहागाउँमा (हालको दहचौर) आई बसेका रहेछन् । दाहालहरूको आराध्यदेव शङ्कर देवताको पूजा गर्ने गरेको र त्यहाँ बस्ने पुराना निवासी बाहुन तथा ठकुरी राजाहरूले पनि शङ्कर देवताको पूजा आराधना गर्ने गरेकोले एक आपसमा रीतिथिति र संस्कृति मिल्नाले समाजमा मिलेर बसेको पाइन्छ । १५ औं, १६ औं शताब्दीतिर दुल्लु, दैलेख जुम्ला राज्य अर्न्तगत पर्दथ्यो । त्यतिबेलाका राजा काञ्चलमल्ल देवले आफ्नो शासन वर्षाको समयमा सिन्जा र हिउँदको समयमा दुल्लु बसेर राज्य सञ्चालन गर्ने गरेका थिए । दासु भट्टको प्रभावशाली व्यक्तित्व र विद्वत्ता देखेर आफ्नो राज्य सञ्चालनमा सहयोग लिनलाई तत्कालीन राजाले उनलाई बोलाई आफ्नो राज्यको दहगाउँको बाबिया ढिस्को बिर्ता दिई बसोबासको व्यवस्था मिलाइदिएका थिए । उक्त बसोबास गर्ने क्रममै दासु भट्टलाई दाहालको पदवी पनि दिएका थिए । उक्त ढिस्को ५ ओटा मन्दिर अर्थात् पञ्चकोशी तीर्थस्थलले घेरेको माथिल्लो डुङ्गेश्वर मालिका धुलेश्वर शीर्षस्थान, नाविस्थान, टुकुलेश्वर, दह र तल्लो डुङ्गेश्वरको बिचमा पर्दछ । दासु भट्टलाई नेपालमा प्रथम पुस्ताका दाहाल मानिएको छ । दह गाउँबाटै दाहाल थरको उत्पत्ति हुन गएको मान्यता रहिआएको छ । दहगाउँमा दासु भट्टले निर्माण गराएका प्राचीन पँधेरो माष्टो देवताको स्थान, घर, घडेरी, कलात्मक पञ्चदेवल, दह र सिद्धगुफाका भग्नावशेषहरू साविक दैलेखको गौरी गा.वि.स. हाल दुल्लु नगरपालिका दहगाउँमा अझैं देख्न पाइन्छ ।

दासु भट्टका ४ भाइ छोरा छुट्टिभिन्न भई विभिन्न ठाउँमा गई बासोबास गरेको र त्यहीअनुरुप नामाकरण भएको पनि बुझिन्छ । जस्तै शिवहरि लम्सुडाँडा बण्डा पाएर त्यहाँ बस्न गएकाले उनका सन्तानलाई लम्साल (दाहाल) भन्ने गरिन्छ । शिवदासका सन्तानलाई  रुपाखेती दाहाल भन्ने गरिन्छ । त्यतिवेलाका दैलेखका राजा बीर चन थिए । उनी निसन्तान थिए । धार्मिक कार्यमा विशेष रुचि राख्ने गर्दथे । एकपटक उनले धार्मिक कार्यको लागि आगो बाल्ने क्रममा  बेदमन्त्रबाट आगो बालेकोले वीरचन राजाले रोपेको खेत उपहार दिए । तत्पश्चात्  शिवदासका सन्तानलाई रुपाखेती दाहाल भनी बोलाउन थालियो । अरु २ भाइलाई पुरानै घर जग्गा बण्डा परेकोले त्यहाँ बस्ने दाहालका सन्तानलाई बुढो दाहाल भनी बोलाउने गरियो र त्यही अनुरुप दाहालहरूका सन्तान लम्साल (दाहाल), रुपाखेती दाहाल र बुढो दाहाल हुन गएको देखिन्छ ।

## दाङका दाहालहरूको वंश परिचय

युगको विकाससँगै सुविधायुक्त बसाइको लागि दासु भट्ट लगायत वत्सगोत्री दाहालहरू संसारका विभिन्न स्थानमा दहगाउँबाट अन्यत्र बसाइसराइ गर्दै गएको देखिन्छ । त्यही क्रममा विसराम बसोबास गर्दै आएको र त्यहीँबाट ठिन्वाङ, रुँघा, हुँदै रुकुम, रोल्पाका केही भागमा गएको र कुनै सन्तान दाङतिर झरेको इतिहास छ । रुँघा गएका आशारामका छोरा रतन (सदुराम) का आशु, चतुर्भुज र रछान गरी तीन भाइ छोरा थिए । उनीहरूमध्ये चतुर्भुज रुँघाबाट सल्यान हुँदै दाङतिर झरी पहिलो बसाइ दाङको बाँसगढीमा भएको तथ्य १९६९ सालको नापीमा बाँसगढी मौजाको जग्गा दाहालको नाममा दर्ता श्रेस्ता भएकोबाट पुष्टि हुन्छ । बाँसगढीमा केही वर्ष बसेर त्यहाँबाट पुर्खा चतुर्भुज दाहालले दाङ हापुर स्यानीबग्य बस्दै हापुरको पाँडेडाबरमा आफ्नो स्थायी बसोबास बनाउनुभयो । पछि उहाँका नाति गयाप्रसाद दाहाल हापुर पतेनीमा स्थायीरूपले बसोबास गर्नुभयो ।

## वर्तमान थलो

चतुर्भुज दाहाल सदाचारशील, स्वकर्मनिष्ठ उत्तम ब्राह्मण भएकाले छिल्लीका राजा तखत्माले आफ्नो शासनकालमा छिल्लीका अम्वलमा ताँडीगाउँ र मड्या गाउँ, हापुरका अब्बल पाँडेडाबर खेत, पाँडेडाबर डिही, बुढाकोट घडेरी, कर्जाहीभित्रको दाडिमगाउँ, गहिरो खेत विर्ता प्रदान गरी चतुर्भुज दाहाललाई दिएका थिए । उक्त विर्ता मौजाको लालमोहर सदर कागजातहरु दाङका अन्य विर्तावाल जस्तै हामीसँग पनि छन् ।

छिल्लीकोटका राजाले (बन्दकी)मा दिएको विर्ता मौजा मध्ये हाल रोल्पा जिल्लामा पर्ने सतिमगाउँ नयाँगाउँ तिराम र नारायणपुर “जयाकदाम देव तैया गाउँ लेव” भन्ने लालमोहरमा लेखिएको सर्तमा १८७८ सालमा थामी बाँधा मोहर गरी चतुर्भुज दाहाललाई दिइएको देखिन्छ । चतुर्भुज दाहालको बारेमा १९२८ सालको भागबण्डाको पुरानो कागजमा चन्द्रा दाहाललाई गयाप्रसादले हाम्रा अंशेनी ठुलीआमा भनेको र उदयराम दाहालले सानीआमा भनेको उल्लेख छ । चतुर्भुज दाहालका सानीआमा अन्य अंशियारको बारेमा वंशपरिचयमा उल्लेख गरिएको छ । तत्सम्बन्धी कागजातका प्रतिलिपि यसै वंशपरिचयमा समावेश गरिएको छ ।

❖ ❖ ❖

# वत्स गोत्रीय दाहाल एक परिचय



✍ **गणेशप्रसाद दाहाल**
केन्द्रीय सदस्य, दाहाल प्रतिष्ठान

गोत्र शब्दको अर्थ वंश प्रवर्तक वा पालक वा संरक्षक अर्थात् वंशको शुरुवात गर्ने भन्ने हो । यसको आरम्भ ऋषिपरम्पराबाट भएको हो । ब्रह्मणको शरीरबाट जन्मेका र मनुले कल्पना गरेर पैदा भएका सन्तान र तिनका पनि सन्तानहरूलाई गोत्र प्रवर्तक मानिएको पाइन्छ । पौराणिक ग्रन्थ वा गोत्र र प्रवरका बारेमा जानकारी गराउन लेखिएका संस्कृतका मुख्य ग्रन्थहरू, धर्मसिन्धु, सत्कर्म रत्नावली, प्रवरमञ्जरी आदि नै हुन् ।

ब्रह्माका पुत्रहरू विश्वामित्र, जमदग्नि, भारद्वाज, गौतम, अत्रि, वशिष्ठ, कश्यप, सप्तऋषिहरू अगस्त्य, भृगु र अङ्गीरस समेत गरी जम्मा दश ऋषिका र तिनका सन्तान नै गोत्र प्रवर्तक र प्रवर हुन् भृगुपछि अझ अङ्गिरा, भारद्वाज, केवलांगी रस, अत्रि, कश्यप, विश्वामित्र, वाशिष्ठ, गौतम, अगस्त्यसमेत गरी जम्मा दश ऋषिका सन्तान ब्रह्माण्डमा भएको अनुमान गर्न सकिन्छ ।

भृगु वंशमा पैदा भएका र वत्स गोत्रका प्रवर्तक महर्षि वात्स्यायनले न्याय दर्शनशास्त्र सूत्रमाथि वात्स्यायन भाषा रचना गरेर गौतमीय न्यायसूत्रलाई सरल एवं आधिकारिक व्याख्या गरी कल्याणकारी कार्य गरेका छन् । न्यायदर्शनलाई प्रमाणशास्त्र, तर्कशास्त्र, अन्विक्षिकी, न्यायशास्त्र आदि नामले पनि चिनिन्छ । कुल भन्नु पनि आदि पुर्खा गोत्र प्रवर्तक ऋषि वंशका प्रवर ऋषिहरू हुन् जो सदा सात्विक आहार गर्ने तपस्वी ब्रह्मज्ञानी थिए ।

यसरी प्राप्त भएको वंश, कुल, प्रवर, गोत्र हुँदै जात थरमा परिणत भएका मानिसहरूको आफ्नै इतिहास, परम्परा, संस्कार, संस्कृति, विशेष रीतिरिवाज र चालचलनहरू छन् । जसअनुसार वत्सगोत्र अन्तर्गत रहेका दाहालहरूको आफ्नो गहन सांस्कृतिक विषेशता छ । यसमा दाहालहरूको ऐतिहासिक पृष्ठभूमि पनि चर्चा गर्न उल्लेखनीय छ ।

दासु भट्ट गुजरात बडबिहार देशका राजा थिए । दिल्लीका बादशाहले उनको राज्य लुटे । उक्त कार्यबाट रुष्ट भएका दासु भट्ट हिन्दु धर्मको जगेर्ना र बचाउका लागि हिमाञ्चल प्रदेशको पहाडै पहाड कर्णाली नदीको तिर हुँदै जुम्ला, कालीकोट हुँदै दुल्लु-दैलेख आए । त्यहाँका राजाको छोरालाई मन्त्र सुनाएकाले राजाबाट दहगाउँ विर्ता पाई सो ठाउँमा बसेका कारण दाहाल थर भएको दाहालका अग्रज प्रथम व्यक्ति भएको कुरा सिद्ध हुन जानुको साथै दाहाल वंश स्थापित हुन गएको हो । जस अनुसार दासु भट्टका चार भाइ छोराहरूमा क्रमशः जेठा देव शर्मा, माहिला शिवहरि, साइला शिवदास र कान्छा शिवराम भए । जेठा देवशर्माका सन्तान दैलेखको दहगौरी (दहगाँउ) विर्ता पाई बसेछन् । माहिला शिवहरि दैलेखकै लमसुगाउँ विर्ता पाई लमसुमा नै बसेकाले लम्साल थरले प्रसिद्ध भए । यसैगरी रोपेको खेत विर्ता पाई साइला शिवदासका छोरा केशव बसेकाले रुपाखेती दाहाल थर कायम गरे ।

जेठा देव शर्मा र कान्छा शिवराज सँगै बसेको हुँदा पछि गएर बुढा दाहालको नामले प्रसिद्ध हुन गए । जेठा देव शर्माका सन्तानहरू दाङमा आई बसे । त्यसवेला सल्यानको केही भाग र दाङलाई दाङ सल्यान भनिन्थ्यो । केही सल्यानको साइँला कमदबाट वासुदेवका छोरा बेणुमाधव सल्यानको बेरुखेतमा बसे । बेणुमाधव का २ भाइ छोराहरूमा जेठा तुलाराम छोरासहित नुवाकोट गए भने कान्छा विष्णुदास बावु बेणुमाधवसँग बेरुखेत गए । बेणुमाधवका छोरा तुलारामका ३ भाइ छोराहरू हरि पाध्याय र शङ्कर पाध्याय केही समय नुवाकोट बसी महादेव पोखरी विर्ता पाई काभ्रेको नालामा बसे र कान्छा शङ्कर नालामा नै बसे । अरू भने पुलकोट हुँदै पूर्वतिर फैलिए ।

विष्णुदाशका छोरा लीलाधर र लीलाधरका छोरा रामकृष्ण बेरुखेतमा नै बसे रामकृष्णका २ भाइ छोरा वासुपाध्याय र आशाराम पाध्याय मध्ये जजमानी काम गर्न सजिलो हुने कारणले वासुदेव सल्यानको थारमारे को ठिन्वाङमा गई बसे र आशाराम तत्कालीन प्यूठान जिल्लाको रुँघा भन्ने ठाउँमा गई बसे हाल सो ठाउँ रुकुम जिल्लामा पर्दछ ।

आशारामको छोरा साधुराम (रतन) पाध्याय रुँघामा बसे । साधुराम रतनका ३ भाइ छोरामध्ये जेठा आशु र माइला चतुर्भुज रुँघामा नै बसे भने कान्छा रछान पाध्याय थुनिकोट गए । रुँघामा बसेका दाहालहरूमध्ये चतुर्भुज पाध्याय दाहाल रुँघाबाट सल्यान हुँदै दाङको बिजौरी बाँसगढीमा आई बसेको तथ्य १९६९ सालको नापीमा बाँसगढी मौजाको जग्गा दाहालहरूको नाममा दर्ता श्रेस्ता कायम भएको छ । पछि छिल्लीकोटका राजाले हापुरको पारेडाबर विर्ता दिएपछि दाङको हापुरको पारेडाबरमा बस्दै आएको पाइन्छ ।

नेपालमा गौरवशाली इतिहास रचना गरेका वत्सगोत्री दाहाल वन्धुहरू दैलेख जिल्लाको दहगाँउ वाट विस्थापित हुँदै देशको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको शहरी क्षेत्रदेखि ग्रामीण क्षेत्रसम्म छरिएर रहन भएका छन् । देशबाहिर कुमाउ, गढवाल, आसाम र वर्मासम्मको विशाल क्षेत्र र तेस्रो मुलुकहरूमा समेत छरिएर रहेका करिब १५ लाख दाहाल जनसंख्या रहेको प्रारम्भिक तथ्याङ्कले देखाउँछ । विश्वबन्धुत्वका लागि भ्रातृबन्धुत्वको महान् उद्घोषसँगै नेपालको पूर्वमा रहेका दाहाल वन्धुहरूको अथक प्रयासमा विश्वभरका बन्धुहरूको साझा संस्थाको रूपमा दाहाल प्रतिष्ठानहरू स्थापना भएका छन् ।

❖ ❖ ❖

# दाङमा बसोबास गर्ने वत्स गोत्रीय दाहालहरूको वंश परिचयचय



✍ **नुमाकान्त दाहाल**
पूर्व केन्द्रीय सदस्य, दाहाल प्रतिष्ठान

वंशको आवली वंशावली हो । दाहालको वंश परम्परा निकै लामो समयदेखि चलि आएको विस्तारित वंश परम्परा हो । दाहाल बन्धु अध्ययन प्रतिष्ठानले अफ्नो मूल पुर्ख्यौली थलो दैलेखको गौरी, दहगाउँलाई मानी आएको छ। त्यस थलोमा (दहगाउँ) आई बसोबास गर्नेदाहालहरूका मूल पुर्खा दासु भट्ट थिए । उनको दरबार रहेको स्थल, दहगाउँबासीहरूले दाहाल प्रतिष्ठानलाई केही जमिन पनि उपलब्ध गराएका छन् । दाहालहरूको सांस्कृतिक परम्पराको अध्ययन २०५०/०४/३० मा तत्कालीन प्र. न्यायाधीश विश्वनाथ उपाध्यायको संरक्षकत्व र पूर्व परराष्ट्र मन्त्री शैलेन्द्रकुमार उपाध्याय दाहालको अध्यक्षतामा गठित दाहाल वंशावली अनुसन्धान समितिले गरेको थियो । वंशावली भन्नाले त्यस वंशको आदि पुरुषबाट विस्तारित सन्तानको वंशलाई बुझाउँछ । दाहाल वंशका आदि पुरुष दासु भट्ट, दासु भट्टका अदि पुरुष वत्स, वत्सका आदि पुरुष भार्गव, भार्गवका आदि पुरुष भृगु ऋषि र उनका पनि आदि पुरुष यस कल्पका ब्रह्मासम्म जोडिन जान्छ । छोटकरीमा बुझ्नुपर्दा ब्रह्मादेखि भृगु, भृगुदेखि भार्गव, भार्गवदेखि वत्स, वत्सदेखि दासु भट्ट र दासु भट्टदेखि हामी समस्त दाहाल बन्धुहरू एउटै वत्स गोत्रभित्र रहेको प्रमाणित भएको देखिन्छ ।

वत्स गोत्रीय दाहालहरूको बासस्थानसँग पनि नामाकरण गरिएको छ । मुसलमान आक्रमणबाट बच्न दासु भट्ट गुजरातबाट आफ्नो धर्म, संस्कृति रक्षार्थको लागि नेपाल आएका थिए । जुम्लाको राजासँग बस्ने थलो माग्दा दहगाउँको स्थान पाएका थिए भन्ने प्रचलित भनाइ छ । उनी भट्ट ब्राह्मण भएको हुँदा जुम्लाका राजाको दरबारमा पुजारी सरहको मान सम्मान पनि पाएका थिए । उनी बसेको बासस्थान र दरबार अहिले पनि दहगाउँमा देख्न सकिन्छ । दासु भट्टका चार सन्तान थिए । भाइ-भाइ अलग हुँदा जेठोको भागमा बुढो घर बण्डामा, माहिलोको बण्डामा लम्सुडाँडा र कान्छाको बण्डामा दैलेखका राजा वीरचनले उपहार दिएको रोपेको खेत बण्डा पारेको रहेछ । त्यसैले बुढो घर बण्डा परेका दाहालहरूलाई बुढो दाहाल, लम्सुडाँडाको जग्गा बण्डा परेका दाहालहरूलाई लम्साल (दाहाल) र रोपेको खेत बण्डा परेका दाहालहरूलाई रुपाखेती दाहाल भनेर बोलाइन थाल्यो । जुन भाइ जो स्थानमा बसोबास गऱ्यो त्यही स्थानको नामले नामाकरण गरिएको छ । यी तीन भाइ बाहेक अर्का चौथा साहिँलो भाइ कुमार अवस्था नै घर छोडेर मन्दिरमा गई पुजारीको रूपमा बसोबास गर्न थाले । पछि उनीबाट मन्दिरमा बस्ने एक भक्त महिलासँग आवासमा हित्तचित्त मिली सन्तान पनि जन्मिए र उनकै सन्तानले आफ्नो नामको पछाडि कुँवर भनी लेख्न थाले । दहगाउँका गाउँलेको भनाइ अनुसार जङ्गबहादुर कुँवरका सन्तान थिए । तर यसको वास्तविक तथ्य प्रमाण भने छैन ।

विस्तृतरूपमा शोध गर्दै जाँदा विभिन्न कालखण्डमा नजानी, नबुझी अथवा सामाजिक चलन अनुसार आफ्नो गोत्र पनि परिवर्तन गरी अर्कै गोत्र राख्ने प्रचलन पनि देखिन्छ । तर दाहाल बन्धुहरूको दासु भट्टका सन्तान जति सबै वत्स गोत्र नै मानी आएको देखिन्छ । त्रुटि सच्याउनु नै बुद्धिमानी हो, कोही दाहाल बन्धु हो भने उहाँहरूलाई सच्चिन आग्रह गरिन्छ । भट्ट शब्द पुजारीलाई प्रयोग गर्ने शब्द भएकोले यसमा कोही पनि दिग्भ्रमित हुनु हुँदैन । आफ्नो पुर्खाको एउटा गोत्र र आफ्नो अर्को गोत्र कदापि हुन सक्दैन । दासुपछिको कालखण्डमा विभिन्न ठाउँमा छरिएर कामको खोजी, शिक्षाको खोजीमा बसाइसराइ गरी आफ्नो थलो छोडेका दाहालहरू सबै वत्स गोत्रभित्र नै पर्दछन् ।

बसाइसराइको क्रममा दहगाउँबाट सल्यान थारमारे हुँदै एक भाइका सन्तान रुकुम, रोल्पातिर बसोबास गर्न पुगेका थिए भने अर्को भाइको सन्तान दाङतिर बसोबास गर्न आएका थिए । दाङतिर बसोबास गर्न आएका सन्तानमा बुढो दाहाल र लम्सुडाँडामा बसोबास गर्ने भाइको सन्तान लम्साल पनि सँगै आएका थिए । किनभने दाङमा छिल्लीकोटे राजाले राज्य सञ्चालन गर्दा लम्साल र दाहाललाई थलो मिल्ने गरी विर्ता दिएका थिए । मज्गैयाँ (पोखेल) वंशको वंशावलीमा उल्लेख भए अनुसार जगतमनि लम्सालका नाउँको प्र.का. हापुर मौजे अवलडाँडा, प्र. पछिल्ला सवारी मौजे झुम्केटारीगाउँ प्र.का. हापुर मौजे ठटौलीगाउँ आदि पाएका थिए भने बुढो दाहाल दाङका चतुर्भुज दाहालका नाउँको प्र.प. सवारी मौजे बड्पन्नागाउँ, प्र. छिल्ली मौजे ठाटीगाउँ, प्र.का. हापुर : मौजे पाँडेडाबरको खेत, डिही, मौजे अर्को पाँडेडाबरको डिही, मौजे बुडाकोटको घडेरी आगे, मौजे ठुटेटारी, साजखर्क, बुटुनिया, स्यानीगाउँ मौजा, भोग गरी आएको देखिन्छ । बसोबास र मौजा कमाइ खाएको इतिहासले पनि दाङका दाहाल र लम्साल परिवारको लम्सुडाँडा र दहगाउँबाट बसाइसराइ पनि सँगसँगै भएको र गोत्र पनि एउटै वत्स गोत्र भएको प्रमाणित हुन्छ । राप्ती र भेरी अञ्चलभित्रका विभिन्न जिल्लामा दाहाल बन्धुहरूको वंशावलीले पनि दाहालहरू एउटै थलो दाहागाउँबाट अन्यत्र बसाइसराइ भएको पुष्टि भएको छ ।

❖ ❖ ❖

# वंश, विकास र सभ्यता



✍ **गोबिन्दप्रसाद दाहाल**
सचिव, दाहाल प्रतिष्ठान, दाङ

मानव सभ्यता वंशको निरन्तरतासँग गाँसिएको छ। वंश भनेको केवल रगतको नाता मात्र होइन, यो एउटा निरन्तरता हो, जसले समाजलाई अघि बढाउने काम गर्छ। जीवनको मूल ध्येय नै नयाँ पुस्तालाई ज्ञान, संस्कार र परम्पराको सम्पदा हस्तान्तरण गर्नु हो। यसै माध्यमबाट सभ्यताहरू निर्माण हुन्छन्, समाजहरू विकसित हुन्छन्, र इतिहासले आफैंलाई दोहोऱ्याउँछ। वंशः अस्तित्वको जरो मानिस आफ्नो अस्तित्वलाई निरन्तरता दिन वंश वृद्धि गर्छ। सन्तान जन्माउनु मात्र वंशको सार होइन, बरु त्यो वंशलाई सही मार्गमा हिँडाउनु मुख्य लक्ष्य हो। वंश केवल जैविक सम्बन्धको सवाल मात्र होइन, यसले संस्कार, परम्परा, मूल्य र आस्थालाई पुस्ता दर पुस्ता हस्तान्तरण गर्छ। वंश निरन्तरताले कुनै समाजको सांस्कृतिक पहिचानलाई जोगाउने महत्वपूर्ण भूमिका खेल्छ। पुरानो समयमा वंशलाई कुल, गोत्र र जातसँग जोडेर हेर्ने गरिन्थ्यो। कुलको निरन्तरता नटुटोस् भनेर मानिसले विवाहको परम्परालाई सजीव राख्यो। कुनै पनि परिवारले आफ्नो वंशको गौरव बचाइराख्न सामाजिक नियमहरू स्थापना गरे। तर, आधुनिक युगमा वंशको परिभाषा फरक भइसकेको छ। अब वंशलाई केवल रगतको नाता मात्र नभई ज्ञान, गुण र नैतिक मूल्यहरूको निरन्तरताको रूपमा लिने गरिन्छ। जब मानिसले आफ्नो परिवारलाई सही मूल्य र संस्कार दिन्छ, तब मात्र वंशलाई सार्थक बनाउन सकिन्छ।

वंश मात्र हुनु पर्याप्त छैन, यसको साथसाथै विकास पनि हुन आवश्यक छ। विकास भनेको आत्म सन्तोष मात्र होइन, बरु समयानुकूल अघि बढ्नु हो। व्यक्तिगत, सामाजिक, आर्थिक, शैक्षिक, र वैज्ञानिक क्षेत्रहरूमा प्रगति हुनु नै विकासको चिन्ह हो। मानव समाज कृषि युगबाट उद्योगी युगमा, अनि डिजिटल युगमा प्रवेश गरिसके को छ। यो विकास क्रम निरन्तर चलिरहने प्रक्रिया हो। विकासले सभ्यतालाई नयाँ उचाइमा पुऱ्याउँछ। मानिसले आफ्नो क्षमताको प्रयोग गरेर नयाँ आविष्कार गर्छ, नयाँ विचार ल्याउँछ, र समाजलाई सजीव राख्छ। विकासको अर्को महत्वपूर्ण पक्ष भनेको नैतिकता हो। केवल भौतिक प्रगति मात्र विकास होइन, समाजमा प्रेम, सहयोग, सद्भाव र समभावको विकास हुनु पनि त्यति नै जरुरी छ। जब मानिसले अरूको सम्मान गर्न सिक्छ, तब मात्र वास्तविक विकास सम्भव हुन्छ।

सम्पूर्णताको प्रतिरूप विकासको चरम विन्दु सभ्यता हो। जब कुनै समाजले आफ्नो वंशलाई सही दिशामा अघि बढाउँछ र विकासलाई आत्मसात् गर्छ, तब सभ्यताको जन्म हुन्छ। सभ्यता भनेको केवल शहरहरूको निर्माण, भौतिक सुखसुविधा वा प्रविधिको उन्नति मात्र होइन। सभ्यता भनेको सोचँ, संस्कृति, कलात्मकता, धर्म, भाषा, नैतिकता र सामाजिक मूल्यमान्यताको समीश्रण हो। पुरातन कालदेखि मानवले विभिन्न सभ्यताहरूको निर्माण गरेको छ। मेसोपोटामिया, इजिप्ट, सिन्धुघाटी, ग्रीस, रोमन सभ्यता जस्ता महान् सभ्यताहरूले मानव जातिलाई महत्वपूर्ण योगदान दिएका छन्। ती सभ्यताहरूले आजको समाजको जग निर्माण गरेका छन्। सभ्यता मापन गर्ने मापदण्ड मानिसको आन्तरिक चेतना, समानता, स्वतन्त्रता र नैतिकतामा निर्भर रहन्छ। सभ्य समाजमा हरेक व्यक्तिले एकअर्काको सम्मान गर्छन्, जातीय भेदभाव हुँदैन र विज्ञान र अध्यात्म सँगै अगाडि बढ्छन्। वंश, विकास र सभ्यताको अर्न्तसम्बन्ध वंश, विकास र सभ्यता एकअर्कासँग गहिरो रूपमा जोडिएका छन्। वंशको निरन्तरताले

मात्र समाजको भविष्य निर्माण गर्दैन, त्यसको गुणस्तर सुधार गर्नु पनि जरुरी हुन्छ। यदि वंशलाई केवल सङ्ख्यात्मक रूपमा बढाउने सोच मात्र राखिन्छ भने, समाज पछि पर्छ। वंशको सही मार्गदर्शनले नै सही विकास सम्भव हुन्छ। त्यसैगरी, विकासबिना सभ्यताको कल्पना गर्न सकिँदैन। प्रविधि, विज्ञान, कला र दर्शनको समुचित विकास भएपछि मात्र सभ्यता सजीव रहन्छ। तर, विकास नै सबैथोक होइन। यदि विकास मानवीय मूल्यविहीन भयो भने सभ्यता पतनको मार्गतर्फ जान्छ। इतिहासले प्रमाणित गरिसकेको छ कि जब समाजमा नैतिकता र मूल्यमान्यता हराउँछ, तब त्यहाँ अराजकता फैलिन्छ र सभ्यता टुटफुट हुन्छ। त्यसैले, वंशको निरन्तरतालाई ज्ञान, सद्गुण, नैतिकता र उदार दृष्टिकोणका साथ अघि बढाउनु आवश्यक छ। व्यक्तिगत र सामाजिक विकासको लागि नवीन सोच आवश्यक छ। यसका लागि शिक्षालाई मूल प्राथमिकता दिनुपर्छ। जब मानिसले शिक्षा, संस्कृति, प्रविधि र आध्यात्मलाई सन्तुलित रूपमा अघि बढाउँछ, तब सभ्यताको स्थायित्व कायम रहन्छ। निष्कर्ष वंश, विकास र सभ्यता मानव अस्तित्वका आधारस्तम्भ हुन्। वंशले निरन्तरता दिन्छ, विकासले समृद्धि ल्याउँछ, र सभ्यताले समाजलाई पूर्णता दिन्छ। यदि हामीले सभ्यतालाई दिगो राख्न चाहन्छौँ भने, वंशको मात्र वृद्धि गरेर हुँदैन, यसको गुणस्तर सुधार्नुपर्छ। सामाजिक र सांस्कृतिक विकासले मात्र सभ्यतालाई सजीव राख्न सक्छ। जब समाजमा नैतिक मूल्य, प्रेम, समभाव, र न्यायको स्थापना हुन्छ, तब मात्र सभ्यता वास्तवमै प्रगतिको मार्गमा अग्रसर हुन्छ। यसकारण, वंशको उचित मार्गदर्शन, विकासको सही दिशा, र सभ्यताको संरक्षणमा हाम्रो प्रयास निरन्तर रहनुपर्छ। यही प्रक्रियाले मानव समाजलाई सभ्य र उन्नत बनाउँछ।

हाम्रो सनातन परम्परामा आफ्ना कुलदेवतालाई खुशी पार्न प्रत्येक कुलले कुलपूजाको थालनी गरेको देखिन्छ। प्रारम्भिक मानव समाजमा वंश परम्परा बलियो बनाउन पुर्वजहरूको सम्मान गर्ने चलन थियो। मानिसहरू कुलदेवता वा कुलदेवीहरूले परिवारको रक्षा गर्छन् भन्ने कुरामा विश्वास गर्दथे। वैदिककालदेखि नै कुलपूजा विशेष रूपमा गरिन्थ्यो। हिन्दु धर्ममा कुलपूजालाई अनिवार्य कर्म मानिन्छ जसमा कुलदेवतालाई भोग, मन्त्रजप र हवनद्वारा प्रशन्न परिन्छ। हाल कुलपूजा पारिवारिक एकता र संस्कृतिको प्रतीक बनेको छ।

कुलपूजामा प्राचीनकालदेखि पशुबलिको प्रचलन रहेको देखिन्छ। पशुबलिलाई अत्याचारपूर्ण कि धार्मिक परम्परा भनेर हेर्ने दृष्टिकोण फरक-फरक छन्। नैतिकता, संस्कृति र विश्वासको आधारमा यसको मूल्याङ्कन गरिन्छ। पशुबलिलाई अत्याचार मान्नेहरू पशु अधिकारको कुरा गर्दै कुनै पनि जीवलाई अनावश्यक पीडा दिनु अमानवीय हो भन्ने मान्यता राख्दछन्। आधुनिक नैतिकता एवम् वैज्ञानिक दृष्टिकोणले बलिप्रथा अनावश्यक भएको बताउँछ, किनभने देवताहरूलाई खुशी पार्न हिंसाको आवश्यकता छैन। धैरै धार्मिक समुदायले वैकल्पिक पूजापद्धति वा प्रतीकात्मक बलि (नारिवल, फलफूल) दिएर पूजा गर्न थालेका छन्। उता पशुबलिलाई परम्परा मान्नेहरू हिन्दु धर्ममा देवी-देवतालाई प्रशन्न पार्न बलि दिने चलन रहिआएको तर्क गर्दछन्। कतिपय समुदायले यसलाई आफ्नो पहिचान र परम्पराको अंश मानेका छन्। उनीहरू बलि दिइएको जनावरको मासु प्रसादका रूपमा बाँड्ने गर्दछन् जसलाई अपव्यय होइन, धार्मिक अनुष्ठानको भाग मानिन्छ। तर, वर्तमान समयमा धेरैले पशुबलिको सट्टा अहिंसात्मक पूजाविधि अपनाउनुपर्ने तर्क गरिरहेका छन्।

नैतिकता, अहिंसा, र आधुनिक चेतनाको आधारमा पशुबलिलाई रोक्नुपर्छ। आजको युगमा धर्म र परम्परालाई हिंसारहित तरिकाले पालन गर्न सकिन्छ। पशुहरू पनि संवेदनशील प्राणी हुन्, जसलाई पीडा महसुस हुन्छ। धार्मिक आस्थाको नाममा उनीहरूको हत्या गर्नु अमानवीय हो। हिन्दु धर्म लगायत धैरै परम्पराहरूले अहिंसालाई उच्च स्थानमा राखेका छन्। भगवान् गौतम बुद्ध र महावीर स्वामीले समेत अहिंसालाई प्रमुख दर्शन मानेका थिए। पशुबलिले कुनै चमत्कार वा दैवी कृपा ल्याउँछ भन्ने कुनै वैज्ञानिक प्रमाण छैन। बरु, यो अन्धविश्वास र पुरानो परम्पराको निरन्तरता मात्र हो। धैरै स्थानमा प्रतीकात्मक बलि (नारिवल, फलफूल, रातो कपडा आदि) दिने प्रथा सुरु

भइसकेको छ, जसले हिंसाविहीन रूपमा परम्परालाई कायम राख्न सहयोग गर्छ । धेरै देशमा पशुबलिमाथि कानुनी प्रतिबन्ध लगाइएको छ । नेपालमा पनि कतिपय स्थानमा यसलाई निरुत्साहित गर्ने प्रयास भइरहेको छ । सामाजिक जागरूकताले मात्र यसलाई पूर्ण रूपमा रोक्न सकिन्छ । पशुबली रोक्नु भनेको धर्मको विरोध होइन, बरु धर्मलाई आधुनिक मानवतावादी दृष्टिकोणसहित अघि बढाउनु हो । हिंसा रहित पूजा, प्रेम र करुणाको मार्ग अपनाउनु नै सभ्य समाजको पहिचान हो ।

❖ ❖ ❖

# गोत्र संशोधनबारे



✍ **डा. माधवप्रसाद दाहाल**
सदस्य, दाहाल प्रतिष्ठान, दाङ

नेपालमा केही जातिहरू खासगरी ब्राह्मणहरुले पहिलेदेखि आफूले मान्दै आइरहेको गोत्र विभिन्न कारणबस परिवर्तन गरी समान थर भएका बहुसंख्यक् व्यक्ति वा समुदायले जुन गोत्र मान्छन् त्यसैमा समाहित भएको यदाकदा देख्न सकिन्छ। यसरी गोत्र नै फेर्नुका पछाडि विविध कारणहरू हुनसक्छन्। यस लेखमा गोत्र के हो, मानिसहरू किन गोत्रलाई महत्व दिन्छन्, उनीहरू मान्दै आइरहेको गोत्र फेर्नुका कारणहरू, यसको बैज्ञानिकता र समाजमा यसको सामाजिक प्रभावका बारेमा चर्चा गरिएको छ।

सर्वप्रथम गोत्र के हो बाट शुरु गरौँ। हिन्दु संस्कृतिमा कुनै खाश ऋषिपुंगव (महान् ऋषि) बाट उत्पत्ति भएको वंशीय चिनारीलाई गोत्र भन्ने बुझिन्छ। परम्परागत रूपमा गोत्रले पुरुष वंशजहरूलाई जानाउछ। जस्तै "वशिष्ठ गोत्र" भनेको बशिष्ठ ऋषिबाट उत्पन्न बंश हो भन्ने बुझिन्छ। "नेपाली थर गोत्र प्रवर कोष" नामक पुस्तकका लेखक श्रीहरि रूपाखेतीले गोत्र के हो भन्ने विषयमा आठ ऋषि हरू अर्थात् "विस्वामित्र, जमदग्नि, भारद्वाज, गौतम, अत्रि, वशिष्ठ, कस्यप, यी सात सप्तर्षि र आठौँ अगस्त्य ऋषिको नाम उल्लेख गर्दै हामी सबै यिनै आठ ऋषिका सन्तान हौँ भनेका छन्। परापूर्वकालदेखि वेद, वेदाङ्ग, पुराण, इतिहास तथा शास्त्रहरूले आदिकालका ऋषिहरूको नाम उल्लेख गरेका छन् र हामीहरू तिनैका सन्तान हौं र तिनै ऋषिहरूको नामबाट गोत्र आरम्भ गरिएको हो भनेका छन्। संस्कृत नेपाली शब्दकोषले वंशविस्तार गर्ने महर्षिहरू गौतम, विश्वामित्र, जमदग्नि, भारद्वाज, अत्रि, वशिष्ठ र कस्यप यी सप्तर्षिका साथै अगस्त्य ऋषिका जति सन्तान छन् तिनलाई गोत्र भनेको छ। वृहत नेपाली शब्दकोशले वंश प्रवर्तक ऋषिमुनिका नामबाट चलि आएको पुर्ख्यौली चिनाउने उपनामलाई गोत्र मानेको छ। जर्मन मानवशास्त्री म्याक्स मुलरले पनि गोत्रहरू प्राचीन कालका सातवटा ऋषिहरूका नामबाट राखिएको हो भनेका छन्। ती सातवटा ऋषिहरू हिन्दू धर्मशास्त्रका मुख्य सप्तऋषि हुन्।" ती सप्तर्षिहरू १) गौतम, २) भारद्वाज, ३) विश्वामित्र, ४) जमदग्नि, ५) वशिष्ठ, ६) कस्यप, ७) अत्रि हुन्। यी सप्तऋषिसँगै अगस्त्य मुनिले पनि सप्तऋषिको सिको गरी आफ्नो नामबाट अगस्त्य गोत्रको सुरूवात गरे। यसरी यजुर्वेद कालीन समयदेखि नै गोत्र आठवटा प्रचलनमा आएको र यिनी आठ ऋषिहरूका नामबाट गोत्रको आरम्भ भएको ठानिन्छ। यसरी शुरु भएका आठ गोत्रभित्र समयको क्रमसँगै मूल आठ ऋषिका सन्ततिहरूले विभिन्न कालखण्डमा आफ्नै नामबाट गोत्रको सुवात गर्ने गरेकाले हाल आएर गोत्रहरूको संख्या बृद्धि हुनपुगेको छ। सप्तऋषिका सन्ततिहरूले आफ्नै नामले नयाँ गोत्र राखेका थिए। विश्वामित्रका सन्तति कौडिण्यले आफ्नै नामबाट कौडिण्य गोत्र राखे। त्यस्तै जमदग्निका सन्तती भाष्टाले आफ्नै नामबाट भाष्टा गोत्र राखे। गोत्र थाह नभएका केही समूहलाई ऋषिहरूले पुरानो गोत्रसँग अलिकति फरक पारी उस्तै अर्को नयाँ गोत्र दिएर गोत्रीय बनाउने गरेकाले गोत्रको सङ्ख्या बढेको हो ।

आज विभिन्न जातजातिले आफ्नो वंशको वंशवृक्ष बनाई त्यसको सदस्य भएकोमा गौरवानुभूति गर्दछन्। यस्तो गर्नु आफ्नो वंशप्रतिको सम्मान र श्रद्धा पनि हो। आफू जन्मेको वंशले जगतमा राम्रो कामगरी विशिष्ट स्थान बनाएको कुरा प्रकाशमा ल्याउँदा र आफूलाई पनि त्यस्ता पुर्वजको सन्तति भएकोमा आनन्दानुभूति हुनु स्वाभाविक पनि हो। जँहासम्म मान्दै आइरहेको गोत्र परिवर्तनको कुरा छ, यसका विविध कारणहरू यस प्रकार हुन सक्छन् :

१. सामाजिक परिस्थिति अनुकूल बन्न : कहिलेकाहीँ ब्राह्मणहरूले आफ्नो सामाजिक प्रतिष्ठा जोगाउन वा सुधार

गर्न वंश परिवर्तन गर्नुपर्ने अवस्था आउँछ । युद्ध वा अन्य सङ्कटका बेलामा नयाँ परिचय अपनाउने प्रचलन पहिले देखि चली आएको हो र त्यो अद्यापि छँदैछ ।

२. राजनीतिक कारण : कुनै समय विशेष राजनीतिक सत्ता वा दरबारसँग निकट सम्बन्ध बनाउने हेतुले जाति वा वंश परिवर्तन गर्ने गरिन्थ्यो । आफूलाई सत्ता अनुकूल देखाउन वा उच्च पद प्राप्त गर्न बंश मिलाउने काम हुन्थ्यो । त्यस्तै राजनीतिक संक्रमणका बेला आफ्नो वास्तविक गोत्र पहिचान भएमा ज्यानै खतरामा पर्ने भएको बेला परिचय परिवर्तन एक बाध्यता थियो जसलेगर्दा मानिसहरू गोत्र परिवर्तन गरी सुरक्षित हुने गर्दथे ।

३. वैवाहिक सम्बन्धहरू मिलाउन : केही अवस्थामा गोत्र वा जाति परिवर्तन गरिन्थ्यो ताकि विवाह गर्न सजिलो होस् । कसैकसैले छोरा नभएका घरका कन्यासँग बिहे गरेमा त्यस्तो परिवारको सम्पत्ति बाबुआमाको शेषपछि छोर ीमा सर्न गई अपुताली खान पाइने लोभले गोत्र परिवर्तन गरी ती कन्यासँग बिहे गर्न मिल्ने गोत्र बनाउने गर्दथे ।

४. धार्मिक र सांस्कृतिक समायोजन : नयाँ धार्मिक प्रवृत्ति, पूजापाठ वा परम्परा अनुसार आफूलाई अनुकूल बनाउन वंश परिवर्तन भएको देखिन्छ ।

५. स्थानान्तरण : नेपालभित्र वा बाहिर सरेपछि स्थान विशेषका सामाजिक संरचनामा मिसिनको लागि पनि वंश परिवर्तन गरिएको हुने गर्दथे ।

६. गोपनीयता र संरक्षण : कहिलेकाहीँ आन्तरिक कलह, शत्रुता वा उत्पीडनबाट बच्न आफ्नो वास्तविक पहिचान लुकाउन वंश परिवर्तन गरिएको पाइएको छ ।

माथि उल्लेख भएका विविध कारणहरूले गोत्र संशोधन गरिए जस्तै नेपालको ब्राह्मण समुदायमा पाइने दाहाल थर भएका कतिपयले वशिष्ठ गोत्र बताउने गर्दथे भने अहिले अधिकाशंले वत्स गोत्र भन्न थालेका छन् । देशभरि छरिएर रहेका दाहालहरूलाई हाल सामाजिक सञ्जालको प्रयोगले एकै ठाउँमा ल्याइदिएको छ । वशिष्ठ गोत्री दाहालहरूले पनि आफ्नो गोत्र संशोधन गरी वत्सगोत्र अपनाएका छन् । बाँकी रहेका अन्यले पनि मिसिने सोच बनाइरहेको देखिन्छ । हुन पनि समान थर भएकाहरू फरक-फरक गोत्र भन्ने हुँदैन ।

अब मुख्य कुरा : के गोत्र परिवर्तन सम्भव छ त ?

परम्परागत वैदिक शास्त्रअनुसार गोत्र जन्मजात निश्चित हुन्छ र परिवर्तन मान्य छैन । तर व्यवहारमा विशेष गरी ने पाल जस्ता बहुसांस्कृतिक क्षेत्रमा सामाजिक, राजनीतिक वा स्थानान्तरणका कारणले केही परिवर्तनहरू भएको दे खिन्छ । धार्मिक दृष्टिले यो विवादास्पद हुन्छ ।

जहाँसम्म गोत्र र ऋषिको पारिवारिक वृक्ष (Genealogy) जोड्न सकिन्छ कि सकिदैन भन्ने बिषय छ यसको प्रचलन परापूर्वकाल देखि लिखित नभई मौखिक परम्पराका रूपमा पुस्तान्तरण भएको हो । नेपालका ब्राह्मणहरूमा "भट्ट" (प्राचीन पुजारी) भन्दा पर पुग्न सकिने प्रमाणहरू छैनन् । उनै ऋषिहरू विभिन्न ठाउँ विशेषमा गएर बसेको वा पेशा अँगालेको आधारमा थरहरू बन्न गएका हुन् । ऋषिहरूसम्मको पारिवारिक डोरीसम्म पुग्न त सम्भव नै छै न । सैद्धान्तिक रूपमा प्राचीन "प्रवर" र "गोत्रावली" (गोत्र वंशावली) मार्फत ऋषिसँग वंश जोड्ने परम्परा छ । उदाहरणका लागि वत्स गोत्र भनेको वत्स ऋषिबाट उत्पन्न मानिन्छ । तर समस्या त यो छ कि आजका दिनसम्म प्राचीन समयदेखि हरेक व्यक्तिको प्रमाणित वंशावली क्रमबद्ध रूपमा सुरक्षित छैन । मौखिक परम्पराले धेरै कुराहरू बिग्रेका वा मिसिएका छन् । त्यसैले कुनै पनि गोत्र र ऋषिबीच शास्त्रीय सम्बन्ध ठम्याउन सैद्धान्तिक प्रयास सम्भव छ, तर व्यावहारिकरूपमा प्रमाणित गर्न कठिन हुन्छ ।

दाहाल थर र वत्स ऋषि सम्बन्ध के हो त ?

हाल उपलब्ध प्रमाणहरू (शास्त्रीय वा ऐतिहासिक अभिलेखबाट भन्नु दाहाल थरका सबै व्यक्तिहरू वत्स ऋषिकै सन्तान हुन् भन्ने कुरा शतप्रतिशत प्रमाणित छैन । दाहाल थरका कतिपयले वत्स गोत्र अँगालेको भए तापनि उनीहरू

सधैँदेखिकै वत्स गोत्र भएका हुन् वा पछि परिवर्तन भएको हो भन्नेमा संशय रहन्छ । धेरैजसो नेपाली ब्राह्मण थरहरू- दाहाल, आचार्य, भट्टराई, अधिकारी आदि मूलतः वशिष्ठ, भारद्वाज, कश्यप, गोतम आदि गोत्रका भन्दछन् । दाहालहरू वशिष्ठ गोत्र मान्थे भन्ने परम्परा बढी छ । संक्षेपमा गोत्र परिवर्तन प्राचीन नियम अनुसार सही होइन, तर व्यवहारमा भएको देखिन्छ । दाहाल थरका सबैजना वत्स ऋषिकै सन्तान भएको ठोस प्रमाण छैन । प्राचीन वंशावली नभएर यो कुरा अनुमान र परम्परामा आधारित मात्रै हो ।

अब प्रश्न उठ्न सक्छ : त्यसो भए वंशावली निर्माण गरी आफ्नो वंशबृक्षको गौरव गर्नु काल्पनिकतालाई सही माने जस्तो भएन र ?

यदि प्रमाण नभएको अवस्थामा वंशावली (वंशवृक्ष) निर्माण गरिन्छ भने त्यो धेरै हदसम्म काल्पनिक नै हुन्छ । परम्परामा आधारित हुन सक्छ, तर ऐतिहासिक दृष्टिले त्यसलाई पूर्ण प्रमाणित सत्य मान्न सकिँदैन । प्राचीन भारत र नेपालमा वंशावलीहरू "मौखिक परम्परा" बाट चलाइन्थ्यो । यस्तो मौखिक परम्परामा विकृत हुने वा मिसिने सम्भावना धेरै हुन्छ । कतिपय राजनैतिक र सामाजिक कारणले वंशावलीहरू जानाजान संशोधित पनि भएका थिए । त्यसैले कुनै वंश/थर/परिवारले आफ्नो वंशवृक्ष निर्माण गर्दा वास्तविक ऐतिहासिक अभिलेखहरू जस्तै ताम्रपत्र, प्राचीन लेख, परम्परागत हस्तलिखित वंशावली नभई केवल मौखिक परम्परा र विश्वासका आधारमा तयार परिन्छ भने त्यो वंशवृक्ष आंशिक सत्य र आंशिक कल्पना हुन्छ । त्यसैले, यदि वंशावली बनाउन खोज्दा थोरै अनुमान, श्रद्धा र परम्परा मिसिन्छ भने, त्यसलाई शुद्ध वैज्ञानिक, ऐतिहासिक कागजात नभई त्यसलाई "सांस्कृतिक पहिचानको अभ्यास" का रूपमा हेर्न सकिन्छ ।

समयको विकाससँगै वर्तमान समयमा थर, गोत्र, शाखा, प्रवर, सूत्र आदिलाई अनावश्यक भन्दै मानिसको जात पुरुष र महिला मात्र हो भन्ने सोचको विकास भएको पनि पाइन्छ । यो साँचो पनि हो । आधा आकाश ओगटेका नारीहरूको संविधानमै अधिकार स्थापित भइसक्दा पनि नेपालमा हामी केहीमा हाल जुन वंशावली खोज्ने, सगोत्री सङ्गठन गर्ने प्रचलन आएको छ, यो पितृसत्तात्मक सोचबाट निर्देशित भएको देखिन्छ । आज नेपालमा जति पनि वंशावली बनेका छन्, त्यहाँ छोरी मान्छेको कुनै उल्लेख नै पाइँदैन । 'छोरीलाई अंश दिनुपर्छ' भन्नेहरूले समेत वंशावलीमा छोरी मान्छेको उल्लेख गरेका हुँदैनन् । आजको पुर्खा खोजाइ पुरुष-पुर्खा खोजाइ बनिराखेको छ । सम्पत्तिमाथि त पितृसत्ताको एकलौटी अधिकार छँदैछ, सन्तानमाथि पनि भेदभावपूर्ण बनेको छ गोत्रावली ।

तर गोत्र रक्त सम्बन्धमा आधारित मानव समुदायको सामाजिक वा सामुदायिक व्यवस्था भएकोले वंशको पवित्रता, वैवाहिक सम्बन्ध र सन्तानोत्पत्तिको नियम निरुपण, भूमिमाथिको सामुदायिक स्वामित्व आदि कुराहरूको व्यवस्थापन हुन गइ समाज व्यवस्थित हुन जाने भएकोले यसको महत्व समाजमा जहिले पनि रहिरहन्छ । बरु नारीमाथिको भेदभावपूर्ण असमायोजनलाई गोत्रावलीमा पुनार्विचार गरी उनीहरूलाई पनि वंश पुस्तिकामा समावेश गरिनु आवश्यक छ ।

❖ ❖ ❖

# हाम्रो कुल, हाम्रो पहिचान



**विष्णु प्रभात दाहाल**
घोराही-१५, दाङ

एसियाकै विशाल एवम् सुन्दर उपत्यका दाङको विभिन्न भागमा बसोबास गर्ने वत्स गोत्री दाहालहरुको ऐतिहासिक एवम् सांस्कृतिक सम्पदाको रुपमा यो कृतिले जन्म लिन पुगेको छ। आफ्नो कुल, पितृ, वंशपरम्परा एवम् संस्कृतिको उत्खनन, संरक्षण र सम्बर्धनमा जुटेर यो बौद्धिक सम्पतिलाई जन्म दिनु आफैँमा प्रशंसनीय कार्य हो। यो पुस्तक एउटा सङ्ग्रहनीय र पठनीय ऐतिहासिक दस्तावेज पनि हो। यसभित्र समाविष्ट लेख, रचना तथा वंशवृक्ष र महत्त्वपूर्ण ऐतिहासिक दस्तावेज दाहाल कुलका पहिचान हुन्।

मूल बिनाको पानी हुँदैन र कुल बिनाको मानिस हुँदैन। त्यसैले पानीको सन्दर्भमा मूलको खोजी हुन्छ र मानिसको सन्दर्भमा कुलको खोजी हुन्छ। एउटा भनाइ छ "पानी मूलको खानुपर्छ र मानिस कुलको हेर्नुपर्छ।" जनावर तथा पशुपंक्षीले समेत अ-आफ्नो बथान खोज्छन्। मानिस हुनुको नाताले हामीले पनि आ- आफ्नो बथान वा कुलपुर्खाको खोजी गर्नु एउटा स्वभाविक मानवीय विशेषता हो।

